# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETINS

**BROADCAST 18.40HRS** **DATE 09.10.2023**

**IMCT-Visit**

अन्तर-मन्त्रालयीय केन्द्रीय टोली, IMCT-ले आज गान्तोक र पाकिम जिल्लाका साथै फिदाङ, लोअर जङ्गुको बाढी प्रभावित क्षेत्रहरू अनि IBM, रम्फु, ATTC-बर्दाङ, गोलिटार, सिङ्ताम, दिक्चु साथै फिदाङको भ्रमण गरेको छ। टोलीले बाटोमा पर्ने भवन, विद्युत लाइन र पुललगायतका पूर्वाधारमा भएको क्षतिको मूल्याङ्कन गऱ्यो अनि राहत र पुनर्स्थपना प्रयासको मूल्याङ्कन गर्न माझिगाउँमा रहेको राहत शिविरको पनि भ्रमण गऱ्यो। टोलीले उद्धार गरिएकाहरूका लागि मानसिक स्वास्थ्य परामर्शको प्रबन्ध गर्नु पनि सुझाव दिएको छ। आर्थिक सहयोगबारे बोल्दै टोलीका सदस्यहरूले राज्यको अल्पकालीन र तत्काल आवश्यकतालाई प्राथमिकता दिइने जानकारी दिए र टोलीले भोलि मङ्गन, नागा र चुङथाङको भ्रमण गर्नेछ। यसअघि मुख्य सचिव भीबी पाठकले आज टाशिलिङ सचिवालयमा अन्तर-मन्त्रालय केन्द्रीय टोली, IMCT बैठक गर्नुभएको थियो। उहाँले IMCT लाई क्षतिको जानकारी दिनुभयो अनि पुल, सडक, बिजुली, पानी आपूर्ति र ढलनिकास तुरुन्तै पुनर्स्थापना गर्न आवश्यकता रहेको जनाउनुभयो। उहाँले टोलीलाई केन्द्र सरकारलाई सिमारिश पेश गर्दा पूर्ण रूपमा सम्पर्कविहीन हुन पुगेका महत्त्वपूर्ण स्थानहरूमा पुलजस्ता महत्त्वपूर्ण पूर्वाधारहरू पुनर्स्थापना गर्नका लागि विशेष छुट माग्न आग्रह गर्नुभयो।

**Disaster update**

भारतीय सेनाले लाचेन, लाचुङ, थाङ्गु र चुङथाङका दुर्गम क्षेत्रहरूमा फसेका लगभग 1700 मानिसहरूलाई निरन्तर सहायता दिइरहेको छ। लाचेन र लाचुङ उपत्यकाबाट अलपत्र परेका चार सय पचासभन्दा बढी पर्यटकलाई आज सुरक्षित निकालिएको छ। अलपत्र परेका मानिसहरूका लागि राशन र चिकित्सा सामग्री आपूर्ति गरिँदै छ। सेनाले हालसम्म पन्ध्र सयभन्दा बढी बिरामीको उपचार गरिसकेको छ। हेल्पलाइन स्थापना गरिएको छ जसमार्फत सबै पर्यटकका आफन्तहरूलाई उनीहरूको अवस्थाबारे जानकारी दिइन्छ। साथै, क्षतिको मूल्याङ्कन र सम्पूर्ण राज्यमा सडक सञ्चार पुनर्स्थापना गर्ने योजनाहरू डीजी बीआरओ र भारतीय सेनाका वरिष्ठ अभियन्ताहरूद्वारा पूरा गरिएका छन्। मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले पुनर्निर्माणका लागि सबै सहयोग उपलब्ध गराउने आश्वासन दिनुभएको छ। सिक्किममा आएको बाढीमा मृत्यु हुनेको कुल संख्या अहिलेसम्म 10 सेनाका जवानलगायत 34 पुगेको छ। सिक्किम राज्य प्रकोप व्यवस्थापन प्राधिकरणका अनुसार 105 जना अझै बेपत्ता छन्।

**CS- National Crisis Management meeting**

मुख्य सचिव श्री भीबी पाठकले आज क्याबिनेट सचिव श्री राजीव गौबाको अध्यक्षतामा सम्पन्न राष्ट्रिय सङ्कट व्यवस्थापन समितिको भर्चुअल बैठकमा सिक्किममा भइरहेको पुनर्स्थापना र उद्धारकार्यको स्थितिबारे समीक्षा गर्न भाग लिनुभयो। बैठकमा मुख्य सचिवले पूर्ण रूपमा सम्पर्कविहीन भएका क्षेत्रमा अस्थायी पुनःनिर्माणको काम भइरहेको जानकारी दिँदै, विपत्तिपछि पहिलोपटक मौसम सफा भएपछि आज लाचुङ र लाचेनबाट धेरै पर्यटकलाई सेनाको हेलिकप्टरबाट हवाई उद्धार गरिएको श्री पाठकले जानकारी दिनुभयो। श्री पाठकले उत्तर सिक्किमको प्रभावित क्षेत्रमा टेलिकम कनेक्टिभिटीको अभावले उद्धार कार्यमा बाधा पुगेको पनि बताउनुभयो। मुख्य सचिवले राज्य सरकारले इसरोसँग पत्राचार गरी थप प्रकोप रोक्न दक्षिण लोनाक झील र शाको कु झीलको निगरानीका लागि अनुरोध गरेको अवगत गराउनुभयो। क्याबिनेट सचिवले उत्तर सिक्किमका प्रभावित क्षेत्रहरूबाट फसेका पर्यटकहरू र अन्य मानिसहरूलाई छिटो बाहिर निकाल्न हेलिकप्टरको संख्या बढाउन आह्वान गर्नुभयो। उहाँले एसडीआरएफ र एनडीआरएफ कोषको दोस्रो किस्ता चाँडै जारी गरिने र अन्य सबै आवश्यक सहयोग प्रदान गरिने आश्वासन दिनुभएको छ।

**CM- Disaster visit**

मुख्यमन्त्री प्रेमसिंह तामाङले आज मिन्तोग्याङमा सेनाध्यक्ष जेनेरल मनोज पाण्डेलगायत उच्च सैनिक अधिकारीसँग भेटवार्ता गर्नुभयो। सङ्कटको तत्काल समाधान गर्ने सरकारको प्रतिबद्धता र प्रभावित समुदायको हित र पुनःस्थापना सुनिश्चित गर्न सैनिक नेतृत्वसँग मिली काम गर्ने सरकारको प्रतिबद्धतालाई प्राथमिकतामा राखेर यो बैठक गरिएको हो। आज नै मुख्यमन्त्रीले मङ्लेमा रहेको तेस्रो आईआरबी शिविरको भ्रमण गर्नुभयो जहाँको अग्निशमन कक्ष र ध्यान केन्द्र प्रकोपमा ध्वस्त भएका छन्। उहाँले सिरवानी पुल र सिरवानीको बाढी प्रभावित क्षेत्रको पनि भ्रमण गर्नुभयो। श्री तामाङले राज्यभरि कनेक्टिभिटीलाई सुनिश्चित गर्ने सिरवानी पुलको पुनर्निर्माण द्रुत गतिले हुनुपर्ने कुरामा जोड दिनुभयो। उहाँले पुनर्निर्माणको कामलाई तीव्रता दिन सम्बन्धित निकायलाई तत्काल पहल गर्न आग्रह गर्नुभएको छ।